नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- 0८0/८१

चलानी नं.:- ४0५

मिति:- २०७९/०३/२४

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं

श्री महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका सबै,

श्री गाउँपालिका सबै ।

**विषय: अल्पकालिन अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा ।**

रिट निवेदक वातावरण कानून समाजको तर्फबाट अखितयारी प्राप्त आफ्नो हकमा समेत अधिवक्ता पदम बहादुर श्रेष्ठ समेत र विपक्षी यस मन्त्रालय समेत भएको रिट नं. ०७८-WO-१४७४ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७९/०३/०८ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशको प्रतिलिपि यसै साथ संलग्न छ । साथै मिति २०७९/०३/१५ मा सम्मानित श्री सर्वोच्च अदालतबाट अन्तरिम आदरेशलाई निरन्तरता दिने निर्णय प्रतिलिपि समेत यसै साथ संलग्न छ । आदेश बमोजिम आफ्ना निकायसंग सम्बन्धित निर्णयहरु कार्यान्वयनका लागि निर्णयानुसार अनुरोध छ ।

३/२४

जय राम उप्रेती
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वेवसाइटमा सूचना अपलोड गरिदिनहुन) ।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री टेकबहादुर मोक्तान
आदेश
०७८-WO-१४७४
विषयः-उत्प्रेषण।

वातावरण कानून समाज नेपालको अ.प्रा. भई आफ्नो हकमा
अधिवक्ता पदमबहादुर श्रेष्ठ समेत ------------------------------------------ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत------------ विपक्षी

निवेदकहरुको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु हरिश्चन्द्र सुवेदी, श्री पदमबहादुर श्रेष्ठ, श्री राजु फुयाल, श्री षटकोण श्रेष्ठ, श्री राकेश कुमार शाह, श्री शशीकुमारी श्रेष्ठ र श्री दुर्गालक्ष्मी शाक्यले गर्नु भएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखितजवाफ पेश गर्नू भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी बिपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू ।

साथै, निवेदकको अन्तरिम आदेशको मागतर्फ हेर्दा नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवाको अनियन्त्रित उत्खनन्‌बाट प्राकृतिक वातावरणमा पर्ने प्रत्यक्ष असरलाई मनन् गरी राज्यले मापदण्ड समेत बनाई लागू गरेको र यस अदालतबाट रिट नं. ०७७-WO-१०९९ लगायत विभिन्न मुद्दाहरुमा निर्देशनात्मक आदेश जारी हुनुका अतिरिक्त यसको सम्वेदनशीलतालाई मनन् गरी यस सम्बन्धमा विशेष कानून बनाउन समेत सरकारका नाममा आदेश भईरहेको परिप्रेक्ष्यमा ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०२।०६ मा भएको निर्णय उपरोक्त यस अदालतबाट भएका आदेशहरुको खिलाफ रहेका देखिएकाले उक्त निर्णय कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को ४९ (२) (ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा दुबै पक्षको छलफल हुनु पर्ने देखिएकाले सो प्रयोजनार्थ मिति २०७९।०३।१५ पेशी तोकी सोको सूचना विपक्षीहरुलाई दिनुहोला।

न्यायाधीश

ईति संवत् २०७९ साल असार ८ गते रोज ४ शुभम् ------------------------------।

सर्वोच्च अदालत काठमाडौं
सर्वोच्च अदालतबाट
सक्कल बमोजिमको फोटोकपी
ठीक छ।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश
मुद्दा नं.: ०७८-WO-१४७४
मुद्दाः उत्प्रेषण।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० मा अवस्थित वातावरण कानून समाज नेपालको तर्फबाट र आफ्नो हकमा समेत ऐ. का अध्यक्ष अधिवक्ता पदम बहादुर श्रेष्ठ समेत........................................ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेत......... विपक्षी

यसमा निवेदकसमेत रहनुभएका विद्वान अधिवक्ताहरु श्री पदम बहादुर श्रेष्ठ, श्री राजु फुयाल, श्री राकेश कुमार साह तथा निज निवेदकहरुको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री हरिशचन्द्र सुवेदी, श्री विष्णु कुमार थोकर, श्री आरजु कार्की, श्री षटकोण श्रेष्ठ, श्री सुलोचना धिताल, श्री शान्ता पन्त तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेतको तर्फबाट उपस्थित हुनुभएको महान्यायाधिवक्ताको कार्यलयको विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले गर्नुभएको वहस समेत सुनियो।

यसमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०४/०५ को निर्णयबमोजिम ढुंगा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ लागु गरिएकोमा सो मापदण्डसमेत पूर्ण रुपमा लागु भईनसकेको अवस्थामा सो मापदण्डमा नेपाल सरकारले मिति २०७९/०२/०६ मा पहिलो संशोधन गरि साविक मापदण्ड संशोधन गरि

राजमार्ग, खोला वा नदी किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक, पुरातात्विक महत्त्वका स्थान तथा सुरक्षा निकाय, अन्तराष्ट्रिय सिमा, वन क्षेत्र, घना वस्ती, हाइटेन्सन लाइनको अझ नजिक ढुंगा गिटी बालुवा उत्खनन गर्न मिल्ने गरि संशोधन गरिएको र सिमसार क्षेत्रलाई समेत समावेश गरिएको देखिदा उल्लिखित राष्ट्रको जीवनसँग जोडिएका महत्वपूर्ण क्षेत्रहरुको अस्तित्व माथिसमेत गम्भिर संकट परि अपूरणिय क्षतिको अवस्थाको विद्यमानता देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम निवेदनको अन्तिम किनारा नभएसम्मका लागि यस अदालतको एकल इजलासबाट मिति २०७९/०३/८ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ। सोको जानकारी विपक्षीहरूलाई दिनू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम् ........................................।